# वारागुङ मुक्तिक्षेत्र गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कागबेनी, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

फर्निचर खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना!!!

(दोश्रो पटक प्रकाशित मिति २०७८/१२/२५)

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको मिति २०७८/१२/२४ को निर्णय अनुसार नव निर्मित प्रशासकीय भवनको लागि आवश्यकनिम्न कार्य गर्न सक्ने योग्य ईच्छुक फर्म/कम्पनीबाट सिलबन्दी दरभाउपत्र, उल्लेखित विवरण र शर्तहरुको अधीनमा रही पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं | शीलबन्दी दरभाउपत्र नं. | कामको विवरण | लागत अनुमान (ढुवानि र मुल्य अभिवृद्धि कर सहित) रु. | शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय | शिलबन्दी दरभाउपत्र खोलिने मिति | दरभाउपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०३/७८-७९ | फर्निचर सम्बन्धि सामानहरु को आपूर्ति | १९,९७,५००/- | २०७८/१२/३० (कार्यालय समय भित्र) | २०७९/०१/०२ गते (कार्यालय समय भित्र) | २०७९/०१/०२ साँझ ५.०५ बजे | १०००/- | ५९९२५/- | |

शर्तहरु:-

१. दरभाउपत्र फाराम यो सूचना दोश्रो पटक प्रकाशित भएको मिति देखि माथि उल्लेखित मिति सम्ममा, कार्यालय समय भित्र रु. १०००/- (फिर्ता नहुने गरी) तिरी वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. सम्बन्धीत शिलबन्दी दरभाउपत्र माथि उल्लेखित मिति र समय भित्र यस कार्यालयको प्रशासन शाखामा दर्ता गराई सक्नु पर्नेछ ।

३. शिलबन्दी दरभाउपत्र फाराम साथ निम्न लिखित कागजात अनिवार्य पेश गर्नुपर्नेछ।

क) फर्म/कम्पनी दर्ता प्रमाण पत्र (नविकरण भएको/सम्बन्धित कार्य गर्न ईजाजत प्राप्त) को प्रमाणित प्रतिलिपी।

ख) स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी।

ग) आर्थिक वर्ष २०७७/७८ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी।

घ) जमानत रु. ५९,९२५/- प्रभु बैंक लि. कागबेनी शाखामा रहेको यस गाउँपालिकाको धरौटी खाता नं. २०८०१५१४१२७००१७७ मा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकले यस गाउँपालिकाको नाममा जारी गरेको बोलपत्र फाराम पेश गर्ने अन्तिम दिन देखि गणना हुनेगरी कम्तिमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टीको सक्कल पत्र।

ङ) पावर अफ एटर्नी पत्र (यदि अन्य व्यक्ति मार्फत पेश गर्ने तथा कारोवार संचालन गर्ने भए) संलग्न हुनुपर्ने छ।

३. दरभाउपत्रको प्रत्येक पानामा प्रस्ताव दाताले आधिकारिक सही तथा फर्म/कम्पनीको छाप लगाई खाम भित्र राखि राम्रो सँग शिलबन्दी गरि खामको बाहिरि भागमा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकालाई सम्बोधन गरि कामको विवरण खुलाई पेश गर्नु पर्दछ।

४. दरभाउपत्र बिक्री गर्ने/पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनको लगत्तै कार्यालय खुलेको पहिलो दिन सोही समय र स्थानमा बिक्री/दर्ता गरिनेछ।

५. शिलबन्दी नभएको, म्याद नाघी आएको, रीत नपुगेको वा कुनै शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

६. दरभाउपत्र फाराममा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिईनेछ।

८. प्राप्त हुन आएका दरभाउपत्र प्रतिस्पर्धाको आधारमा पूर्ण वा आंशिक स्वीकार गर्न वा पूर्ण रुपमा अस्वीकार गर्ने अधिकार यस कार्यालयमा रहनेछ। कार्यालयको आवश्यकता अनुसार सामाग्रीहरु पटक पटक वा एकैपटकमा खरिद गरिनेछ।

९. टुटफुट भएका वा कुनै खराबी देखिएका सामाग्री स्वीकार गरिने छैन।

१०. शिलबन्दी दरभाउपत्रको खरिद/दाखिला गरेको कार्यालयको नाम र ठेगाना तथा पेश गर्नेको नाम र ठेगाना साथै विषय स्पष्ट उल्लेख गर्नुपर्नेछ।

११. अन्य कुरा प्रचलित कानून अनुसार लागू हुनेछ।

१२. मुल्य उल्लेख गर्दा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको कार्यालय, कागबेनी मुस्ताङमा उपलब्ध गराउन सकिने मुल्य लेख्नुपर्छ ।ढुवानीको लागि छुट्टै व्यवस्था गरिएको छैन ।

१३. थप जानकारिको लागि गाउँपालिकाको वेवसाइट www.varagungmuktichhetramun.gov.npमा हेर्न तथा गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत